# काठेखोला गाउँपालिका
## *बिहु", बागलुङ*
## चौथो गाउँसभा -२०७५
## अध्यक्ष श्री अमर थापा द्धारा प्रस्तुत
## प्रगति प्रतिवेदन

काठेखोला गाउँपालिकाको गरिमामय चौंथो गाउँसभा २०७५ मा उपस्थित आमन्त्रित गाउँसभाका सभासद तथा सम्पुर्ण कर्मचारी मित्रहरुमा काठेखोला गाउँपालिकाको तर्फबाट र मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दछु ।

सर्बप्रथम नयाँ नेपाल निर्माणको क्रममा बिभिन्न कालखण्डमा भएका नेपालको लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति दिनुहुने ज्ञात अज्ञात महान सहिदहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछु । साथै ती लोकतान्त्रिक आन्दोलनहरुमा घाईते हुनु भएका जनआन्दोलनका घाईते योद्धाहरु प्रति उत्तिकै सम्मान ब्यक्त गर्दै सिघ्र स्वास्थ्यलाभको कामना समेत गर्दछु

शिक्षित, समुन्नत, आत्मर्निभरता सहितको समृद्धिको यात्रामा आफु प्रत्यक्ष सहभागी भएर हाम्रो यो महत्वपुर्ण कार्यमा यात्रारत हाम्रा सम्पुर्ण जनप्रतिनिधि ज्युहरु, कार्यालयका सम्पुर्ण कर्मचारी मित्रहरु र आम काठेखोलाबासी जनताहरुमा हार्दिक कृतज्ञता एवम आभार प्रकट गर्दछु ।

आदरणिय सभासद ज्युहरु,

यतिवेला हामी नयाँ नेपालको नविनतम संरचनामा अभ्यासरत छौ । आर्थिक समृद्धिलाई पहिलो प्राथमिकतामा राखी सिंगो देश सामाजिक रुपान्तरण सहित आर्थिक समृद्धिको दिशामा उन्मुख भईरहेको छ । विकासका नयाँ-नयाँ आयामहरु एक पछि अर्को गर्दै थपिदै गहिरहेका छन । विकास र परिवर्तनको स्वर्णिम लहरहरु एक पछि अर्को गर्दै झांगिदै गहिरहेका छन । दैनिक जनजीवनका कामहरु सहज र सजिलो बन्दै गहिरहेका छन । जनताको मलिन र निराश अनुहारमा थोरै भएपनि चमक थपिएको छ, र त्यही चमकरुपी अनुहारमा मुस्कुराउदै जनताहरु आफ्नो गाउँको विकासमा आज आफै खटिरहेका छन । आज हरेक जनताहरु समाज विकासको कुनै न कुनै काममा आफ्नो प्रत्यक्ष सहभागिता जनाईरहेका छन भने तिनै जनताको हामी स्थानिय सरकारका जनप्रतिनिधिहरु जनताको दैनिक जीवनका काम र समाज विकासको कार्यलाई अझै कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर दिन रात खटिरहेका छौ । यसरी समग्रमा हामी स्थानिय सरकार र जनताहरु एक साथ विकास र सामाजिक रुपान्तरणमा संगसंगै हातेमालो गरिरहेका छौ भन्दा त्यत्ति अन्युक्ति नहोला ।

जनतालाई कसरी आर्थिक उपार्जन संग जोड्न सकिन्छ भन्ने बिषयमा पनि हामी मात्र होईन तिनवटै सरकार निकै गम्भिर बनेको देखिन्छ । नेपाल सरकारले लिएको समृद्ध नेपाल, सुखी नेपालीको नारालाई पछ्याउदै जनतालाई कसरी सुखी र समृद्ध बनाउन सकिन्छ भन्ने बिषयमा हामी निकै सचेत छौ । आम जनताको रुचीको पहिलो प्राथमिकतामा रहेको भौतिक पुर्वाधारको कार्यलाई उच्च प्राथमिकतामा राखी सडक निर्माण तथा मर्मत, बिद्युत बिस्तार , भवन निर्माण तथा मर्मत सम्भार जस्ता योजनाहरु पहिलो गाउँसभाबाटै सम्वोधन गरिएको जानाकारी गराउदछु भने ति भौतिक पुर्वाधार सहितका शैक्षिक सुधारका कार्यक्रमहरु नियमित रुपमा सञ्चालनमा रहेको अवगत गराउदछु । स्वास्थ्य सेवा सञ्चालनका कार्यक्रमहरुलाई अझै थप कसरी ब्यवस्थित बनाउन सकिन्छ भन्ने बिषयमा पनि हाम्रा कार्यक्रमहरु उत्तिकै केन्द्रित छन । हाम्रा योजनाहरुले जनताको सुख सुविधा र सहजता संगै उनिहरुको आर्थिक उपार्जन र बृद्धिमा कति सहयोग पुगेको छ यसमा हामी निकै सचेत बनि हाम्रा कार्यक्रमहरु त्यसैमा केन्द्रित गर्दै आईरहेका छौ । सुन्तला पकेट क्षेत्र बिस्तार, आलु पकेट क्षेत्र बिस्तार, पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु र होमस्टे सञ्चालन जस्ता कार्यक्रमहरु यसैका ज्वलन्त उदाहरणहरु हुन ।

हामी सबैलाई थाहा छ काठेखोला गाउँ कार्यपालिकाको पहिलो बैठकबाट गरेका केही महत्वकाँक्षी निर्णयहरु वर्तमानको अवस्था सम्म आईपुग्दा प्राय सबै पुरा भएका छन भने केही पुरा हुने चरणमा तिव्र गतिमा प्रयासरत छन । विद्युत लाईन प्रशारणमा रहेका काठका पोलहरु विस्थापीत गरि फलामे पोल राख्ने कार्य तिव्रगतिमा अगाडि वढेको र संभवत यो वर्षमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । स्वास्थ्य विमा कार्यक्रम अन्तरगत  १२० जना गरिव, दलित तथा बिपन्न परिवारलाई स्वास्थ्य बिमा गरिसकिएको छ । जनता आवास कार्यक्रम अन्तरगत खरको छानो भएका थुप्रै घरपरिवारहरुलाई जस्तापाताको छानो छाईदिन सफल भएका छौ भने हाम्रो कार्यकाल भित्र काठेखोला गाउँपालिकालाई नै खरको छानो मुक्त गाउँपालिका बनाउने योजनाका साथ लागि परीरहेका छौ । यस बर्ष पनि उक्त कार्यलाई काठेखोला गाउँपालिका भरि नै सञ्चालन गरिएको छ । काठेखोला गाउँपालिकाको सबै वाडहरुमा रहेको मोटरबाटोको तात्कालिन समस्यालाई ध्यानमा राखी ***हरेक वाड स्तरिय सडक*** को नाराका साथ सञ्चालन गरिएको सडक निर्माण तथा मर्मत सुधार योजनालाई जनअपेक्षित योजनाको रुपमा लिईएको छ । बजेट धेरै लाग्ने, कच्ची सडक, दिर्घकालिन नहुने र बर्षायामको बाढि पहिरोको कारण क्षत बिक्षत हुने समस्याले हामीलाई निकै नै अप्ठ्यारो पारिहेको छ । यही समस्यालाई दृष्टिगत गरि बजेट सहित मर्मत सम्भार कार्यबिधि बनाई जहाँ सडक अबरुद्ध हुन्छ तत्काल त्यहाँ पुगी मर्मत गरी सहजता प्रदान गरिएको छ । यस कार्यलाई थप बजेटको व्यवस्था गरि यस वर्ष पनि निरन्तरता दिइने छ । हामीले प्रतिवद्धता गरे बमोजिम सबै वार्डहरुमा बाह्रै महिना यातायात सञ्चालन गर्ने योजना अनुरुप सडकहरुको स्तरोन्नति संगै डुडियाघाट, लामबगर र जिरेदी खोलामा हिमपाईप राख्ने काम सम्पन्न गरि वर्षातको समयमा यातयातमा सहजता आएको भए तापनि वर्षातको समयमा हिमपाइपमा क्षति आएकोले तत्काल मर्मत गर्नु पर्ने देखिन्छ ।

कुनै पनि राष्ट्र वा गाउँसमाजको सर्वाङ्गिन विकासको पहिलो सर्त त्यस राष्ट्र वा गाउँको शैक्षिक आधार नै मुख्य सर्त हुन आउछ । जवसम्म हामी शिक्षित र सचेत हुन सक्दैनौ तव सम्म हामीले जति विकास र परिवर्तनका योजनाहरु ल्याए पनि सभ्य र विकसित समाज निर्माण गर्न सक्दैनौ । त्यसैले शैक्षिक विकास हाम्रो प्राथमिकताको सुचिमा रहेको छ । आम जनताहरुको चासो, आवस्यकता र सरोकारको बिषय रहेको शैक्षिक विकासका योजनाहरु निकै प्रभावकारी ढंगले कार्यन्वयन हुनु यसको ज्वलनत उदारहण हो । काठेखोला गाउँपालिकाको शैक्षिक अवस्थालाई ध्यानमा राखी बिभिन्न समयमा बिभिन्न बिद्यालयका प्रधानाध्यापक तथा अन्य सरोकारवाला एवम शैक्षिक ब्यक्तित्वहरुसंग नियमिति अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु सञ्चालन गर्दै गुणस्तरिय शिक्षा प्रदानमा निक्कै महत्वका साथ ध्यान पुराइएको छ । बिभिन बिद्यालयहरुमा हुने बिद्यालय स्तरिय सभा गोष्ठी लगायतका शैक्षिक कार्यक्रमहरुमा प्रत्यक्ष सहभागि भई बिद्यालयको अवस्था बुझ्ने र राय सल्लाह लिने दिने काममा पनि उत्तिकै ध्यान पुराईएको छ । बालबालिकाहरुलाई बिद्यालयमा आउने बाताबरण सिर्जना गर्दै जडफुड निशेध गर्नका खाँतिर गाउँपालिका भित्रका ४२ वटै बालविकास केन्द्रका ४४४ जना बालबालिकाहरुका लागि दिवाखाजा कार्यक्रम सञ्चालन गरिएको छ भने लामो समय सम्मको छलफल, शैक्षिक ब्यक्तित्वहरुबाट लिइएको सुझाव र गाउँपालिकाको शैक्षिक अवधारणा पश्चात काठेखोला गाउँपालिकाको शिक्षा नियमावली निर्माण गर्न सफल भएका छौ । यसै  शैक्षिक शत्र देखि यस गाउँपालिकामा रहेका ५६ विद्यालयहरु मध्ये १० माध्यमिक विद्यालयमा तत्काल **ई हाजीरि**को व्यवस्था गरिएको छ । केही बिद्यालयहहरुमा कार्यन्वयन भईसकेको छ भने केही बिद्यालयहरुमा कार्यन्वयनको अन्तिम चरणमा रहेको छ । त्यसै गरी यसै शैक्षिक शत्रमा गाउँपालिका भित्रका सबै माध्यमिक बिद्यालयहरु र क्याम्पसमा स्मार्टबोर्डको ब्यवस्था गरिएको जानाकारी गराउदै उक्त स्माटबोर्ड राख्ने काम पनि अन्तिम तयारीमा रहेको छ । बिद्यालयको शैक्षिक गुणस्तरलाई अझै थप बृद्धि गर्न शिक्षक बिद्यार्थीहरुका लागि शैक्षिक अन्तरक्रिया तथा तालिम प्रशिक्षण जस्ता कार्यक्रमहरुलाई सञ्चालन गर्न बजेट बिनियोजन गरिएको छ भने बिद्यालयको सघन अनुगमन कार्यलाई पनि उत्तिकै प्राथमिकता दिईएको छ ।

गुणस्तरिय शिक्षा र समग्र शिक्षा क्षेत्रको व्यवस्थापनका लागि गाउपालीका स्तरिय शिक्षा समिति गठन गरिएको छ ।

सबै बर्ग क्षेत्र र समुदायको नागरिकहरुलाई आधारभुत तथा गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालीका भित्रका स्वास्थ्य चौकि मार्फत नेपाल सरकारद्धारा निशुल्क रुपमा बितरण गरिने औषधिलाई यस आ.व.को प्रथम चौमासिकमा खरिद गरिने औषधि खरिद गरि वितरण गरि सकिएको र दोश्रो चौमासिकको लागि पनि प्रकृया अगाडि वढाएको जानाकारी गराउन चाहान्छु । गर्भवति महिलाहरुको पोषण र स्वास्थ्यलाई ध्यानमा राखी साथै नियमित स्वास्थ्य जाँच गराउन प्रोत्साहन गर्ने अभिप्रायले हरेक पटकको गर्भ जाँचमा अन्डा र पोषण युक्त खाना प्रदान गरि '**आमा सुरक्षा कार्यक्रम**' संचालन गरिएको छ । कुनै पनि बालबालिकाहरु खोप लाउनबाट बन्चित हुन नपरोस भन्दै पुर्ण खोप सुनिस्चितताको लागि पुर्ण खोपयुक्त वडा घोषणा सहित पुर्ण खोप गाउँपालिका घोषणा गर्न सफल भएका छौ ।

काठेखोला गाउँपालिकाका जनताहरुलाई ब्यवसायिक खेती प्रति आकर्षित गर्दै सिंगो गाउँपालिकाको पहिचान स्वरुप काठेखोला गाउँपालिकाको वडा नं. ६ बिहुँमा सुन्तला खेतिको जोनको रुपमा बिस्तार गरि अगाडि बढाईको छ । पर्यटन क्षेत्रको प्रवद्धन र विकासमा पनि उत्तिकै ध्यान दिदै काठेखोला गाउँपालिका वडा नं. ४ तंग्रामको बसन्ताप पिक्निक स्पोर्ट, सामुदायिक पाहुनाघर, वडा नं. ७ को मदन भण्डारी स्मृति पार्क लगायतका प्रर्यटकिय ठांउहरुमा प्रर्यटन प्रवद्धनका कामहरु सुचारु भइरहेको कुरा यहाँहरु समक्ष अवगत गराउदछु भने अन्य केही सम्भावनाहरु बोकेका घोडाबाँडे, रामकोट, शिवालय मन्दिर,शिवधुरी, सत्यवति मन्दिर, लक्ष्मीनाराण मन्दिर, मोथेको धुरी, थाप्लेको धुरी, झुलेनीको धुरी, धम्जा देउराली, तिनचुले लगायतका पर्यटकिय क्षेत्रहरुको अध्ययन तथा निरिक्षण गर्ने कामहरु पनि भईरहेको कुरा जानाकारी गराउन चाहन्छु । पछिल्लो समयमा निकै लोकप्रिय बन्दै गहिरहेको होमस्टे ब्यवसाय, पर्यटनको क्षेत्रमा एउटा नयाँ स्वाद नै हो भन्दा त्यति अन्युक्ती नहोला । काठेखोला गाउँपालिकाको ऐतिहासिक प्रथम गाउँसभा मार्फत होमस्टे सञ्चालनलाई जोड दिने कार्यक्रम सार्वजनिक भए पश्चात होमस्टे सञ्चालन गर्ने समुह एवम ब्यक्तिहरु एक पछि अर्को गर्दै थपिदै गहिरहेका छन । हालसम्म हाम्रो गाउँपालिकामा ७ वटा समुहहरुले बैधानिक रुपमा होमस्टे दर्ता प्रमाणपत्र प्राप्त गरिसकेका छन । काठेखोला गाउँपालिका वडा नं.३ धम्जाको उपल्लो भेग ओखले, असौजे क्षेत्र, वडा नं.४ तंग्रामको फापरखेत क्षेत्र, वडा नं.५ बिहुँको थामडाँडा क्षेत्र, वडा नं.७ रेशको बौर , नुन्थला, बैनठाना, वडा नं.८ लेखानीको कादेश क्षेत्रमा होमस्टे ब्यवसाय सञ्चालनलाई बिशेष जोड दिई त्यहाँको पुर्वाधार निर्माण, लोपोन्मुख संस्कृतिको संरक्षण र सांस्कृतिक पहिचान दिदै सांस्कृतिक सम्पदाहरुको जगेर्नामा पनि उचित ध्यान पुराईएको छ । काठेखोला गाउँपालिका भित्रका खेलकुद, कला, संस्कृति र प्रतिभाहरुको संरक्षण तथा सम्बर्द्धनका लागि काठेखोला गाउँपालिका स्तरिय कला संस्कृति तथा खेलकुद बिकास समिति गठनका लागि भेला आव्हान गरिसकिएको छ । प्रशासनिक क्षेत्र सुधारका लागि पनि उत्तिकै ध्यान पुराईएको छ । राज्यको मुल धार र बिकासको मुल प्रवाहबाट पछाडि परेका र पारिएका समावेशी बर्गको उत्थानमा जोड दिदै शसक्तिकरण तथा आय आर्जनका कार्यक्रमहरु पनि तिब्र गतिमा सञ्चालन गरिएको छ । हस्तलिखित कार्यलाई बिस्थापित गरि प्रशासनिक क्षेत्रका हरेक कार्यहरु अनलाईन सिस्टमबाट सञ्चालन गर्न सुरु गरिसकिएको छ । ब्यक्तिगत घटना दर्ता, राज्यस्व संकलन लगायतका कार्यहरु हाल अनलाईन सिस्टमबाट सञ्चालन भएको ब्यवहोरा अवगत गराउदछु । यसै गरि हाम्रो पहल कदमीबाट संघ र प्रदेश सरकारबाट काठेखोला गाउँपालीकालाई नै प्रभावित पार्ने मोटर वाटो (रीङरोड), झोलुंगे पुल , मोटरएवल पुल, खानेपानी योजना ,सिर्चाई योजना , सामुदायिक भवन, वडा नं. ५ का पहिरोपीडितहरुको आवासका लागि जग्गा व्यवस्थापनका लागि अुनदानको व्यवस्था , लेखानी र कादेश जोडने आकाशे पुल र विभिन्न गैरसरकारी संघ संस्था संगको सहकार्यमा वृहत्तर योजनाहरु पनि संचालीत अवस्थामा रहेका छन ।

यसरी हामी सम्रग गाउँपालीकाको वृहत्तर क्षेत्रमा परिवर्तन गर्ने अभियानमा लाग्दा हामीमा केहि बुझाई ,गराई र प्रतिशोधका कारण एकरुपकता आउन नसक्नाले केहि असन्तुष्टिका आवाज सुनिन थालेको

आभाष भएको छ । हामी यो समय सम्म आउदा पनि गाउँपालीकालाई एकांकी ढंगले सोच्ने, साझा मञ्चको रुपमा नलिने, संकिर्ण सोच , कार्यशैलि र कार्यपद्धतिमा परिवर्तन गर्न सकेनौ , हाम्रो उत्तरदायित्व, जवाफदेहिता प्रति जिम्मेवार भएनौ भने हामीले निर्धारण गरेको लक्ष्य र जनताले हामीलाई दिएको अभिमतलाई सार्थक रुप दिन सक्दैनौ । त्यस कारण पनि आगामी दिनमा हाम्रा अनुभव मार्फत हामीले परिलक्षित गरेको दिशामा पुग्न सवैको सहकार्यको अपरिहार्यता जरुरी रहन्छ ।

अव म यस चालु आ.व.मा संचालीत योजनाको समष्टिगत विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

काठेखोला गाउँपालिका

आ व २०७५/७६ को मिति २०७५-१०-१३ गते सम्मको वडा अनुसार भौतिक प्रगति

| वडा नं. | कुल योजना संख्या | सम्झौता भएका | समझौता भई सम्पन्न भएका | सम्झौता भएको प्रतिशत | सम्पन्न प्रतिशत |
|---|---|---|---|---|---|
| **कुल जम्मा** | **२११** | **६३** | **१८** | **29.86%** | **8.53%** |
| **१** | **१३** | | | **0.00%** | **0.00%** |
| २ | १७ | ४ | | **23.53%** | **0.00%** |
| **३** | १९ | ६ | | **31.58%** | **0.00%** |
| ४ | २३ | ८ | १ | **34.78%** | **4.35%** |
| **५** | ३० | ६ | | **20.00%** | **0.00%** |
| ६ | १६ | ७ | २ | **43.75%** | **12.50%** |
| **७** | २३ | १० | ५ | **43.48%** | **21.74%** |
| ८ | २५ | ८ | | **32.00%** | **0.00%** |
| **गा पा स्तर** | ४५ | १४ | १० | **31.11%** | **22.22%** |

यसरी योजना संचालनको क्रममा गाउँपालीकाको चालु तथा पुजिगत शिर्षकबाट भएको पुष मसान्त २०७५ सम्मको खर्चको विवरण पेश गर्ने अनुमति चाहान्छु ।

**पुजिगत तर्फ**

कुल बजेट : ९,८९,४६,७९०।

खर्च : ५१,२४,५३४।

**चालु खर्च तर्फः**

कुल जम्मा : ३,६१,००,०००।

खर्च : १,३२,७९,५३१।

यसरी माथिको योजनाको प्रगति हेर्दा पनि हामीलाई महशुस हुन्छ कि समय सीमा अनुसार लक्ष्य गरिए अनुरुपको प्रगति यो अवधिमा हुन नसकेको देखिन्छ । यस आ.व. मा हामीले लक्ष्य हासिल गर्नका लागि कार्यपालीकाको निर्णय अनुसार फाल्गुनको अन्तिममा सम्पुर्ण योजनाको संझौता सम्पन्न गरि सक्ने र

बैशाखको अन्तमा फरफारक गर्ने निर्णय भएको म पुन स्मरण गराउदै सवै जनप्रतिनिधी साथीहरु र कार्यक्रममा संलग्न कर्मचारी मित्रहरुलाई समय सीमा अनुसार कार्यक्रम कार्यान्वयनमा लाग्नका लागि अनुरोध गर्दछु । साथै यस आ.व.मा संचालन हुने प्रदेश र संघीय सरकारबाट प्राप्त सहलगानीका योजनाहरुलाई संवन्धित वार्डबाट संचालन तथा अनुगमनको कार्यलाई अगाडि वढाउन समेत अनुरोध गर्दछु । यस गाउ सभाबाट कार्यक्रमको अर्ध वार्षिक समिक्षात्क प्रतिवेदन तथा हाल सम्मको खर्च पारित गरिदिनुहुनका लागि अनुरोध गर्दै, चालु आ.व.मा ५५,७०,१३८। घाटा वजेट भएकोमा चालु खर्चबाट समायोजन गर्ने गरि यस आ.व. को चालु बजेट कुल ३,०५,२९,८६२। समेत पारित गरिदिनुहुनका लागि अनुरोध गर्दछु ।

अन्तमा विगत वर्षका योजना कार्यान्वयनमा जनप्रतिनिधी, कर्मचारी तथा सम्पुर्ण उपभोक्ता समितिहरुले समय सीमा भित्रै कार्य सम्पन्न गर्नु भएकोमा हार्दिक आभार प्रकट गर्दै यस वर्षको योजना तथा कार्यक्रमहरु पनि सोहि गतिमा सम्पन्न गर्नका लागि यहाँहरु सवैमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद

मिति : २०७५।१०।१५

अमर थापा
अध्यक्ष
काठेखोला गाउँपालिका